# उपाध्यक्ष श्री उमा लुङगेली मगर शेर्पाज्यू बाट गौरीशंकर गाँउपालिकाको सत्रौ गाँउ सभामा प्रस्तुत आर्थिक बर्ष २०८२।८३ को बजेट वक्तव्य

## गौरीशंकर गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय सुरी, दोलखा
## बागमती प्रदेश, नेपाल
## २०८२

गौरीशंकर गाउँपालिका, सुरी, दोलखा

बजेट वक्तव्य

आर्थिक बर्ष २०८२।८३

सभामा प्रस्तुत मिति : २०८२/३/०९ सभावाट स्वीकृत मिति :

गाँउसभाका आदरणीय सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु

राष्ट्रसेवक कर्मचारी मित्रहरु,

पत्रकार एवं संचारकर्मीज्यूहरु

गौरीशंकर गाउँपालिकावासी सम्पूर्ण आमा वुवा दाजु भाइ दिदी वहिनीहरु

आज हामी यस गौरीशंकर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा यस गरिमामय सभामा उपस्थित भईरहेका छौ । यसै अवसरमा यस सम्मानित गाँउसभामा उपस्थित रहनुहुने आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, सभाका सचिवज्यू, कर्मचारी साथीहरु एवं पत्रकार तथा संचारकर्मी मित्रहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु । संघीयता कार्यान्वयन पछि सम्पन्न भएको दोश्रो स्थानीय तह सदस्य निर्वाचन पछिको तेस्रो वर्षमा हामी यो वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौ । यसै गरी आजको यस महत्वपूर्ण घडीमा यहाँहरु सामु उभिएर गौरीशंकर गाउँपालिकाको भावी रुपरेखा कोरिएको वजेट प्रस्तुत गरि रहँदा उत्पिडनका विरुद्ध आफुलाई सदा अग्रगामी मोर्चामा आवद्ध गराएर देश र जनताका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यसै क्रममा घाइते भई उपचारत रहनु हुने सम्पूर्ण घाईते योद्धाहरु प्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै वेपत्ता नागरिकहरु र उहाँहरुको परिवारजन प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

मेरो दोश्रो कार्यकालको दोस्रो वर्षमा विधि र शासनको परिपालना गर्दै गाउँ सभा संचालनको निर्धारित समय सिमा भित्र नै गौरीशंकर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा निकै खुशी लागेको छ । भिन्न भिन्न पृष्ठभूमिवाट एक ठाउँमा उभिन आइपुगेका हामीहरु जनताको सेवा सुविधा प्राप्ती र गौरीशंकर गाउँपालिकावासीहरुको विकास निर्माण र उज्वल भविस्यका लागि एक मतका साथ अगाडी वढ्नु पर्छ भन्ने मेरो भनाई रहदै आएको छ र यो भनाई यहाँ पुनः दोहोर्‍याउन चाहान्छु। सिद्धान्त र विचार फरक फरक हुन सक्छन तथापी सवैको लक्ष्य गाउँपालिकाको विकास र जनताको सुख सुविधामा केन्द्रित हुनु पर्दछ भन्ने हो । ५ वर्षको लागि गौरीशंकर गाउँपालिकावासीहरुले हामी सवैलाई एक पटक यस गौरीशंकरको उज्जवल भविस्य र समुन्नत विकास निर्माणका लागि अवसर प्रदान गर्नु भएको छ विचार र सिद्धान्तलाई थाती राख्दै एकवद्ध भएर विकास निर्माणका लागि अगाडी वढ्नु नै आजको आवश्यकता हो । विगत देखि एक आपसमा विमती रहेका विभिन्न मुद्धाहरु हुनसक्छन, यस्ता साझा मुद्धाहरु हामी सवैको भन्ने भावनाका साथ ग्रहण गर्न सकियो भने सहज रुपमा नै समाधान गर्न सकिन्छ भन्ने मेरो विश्वास छ । गौरीशंकर गाउँपालिकावासीको वृहत्तर विकासमा यहाँहरु सवैको साथ र सहयोगको अपेक्षा राख्दै

अव म आगामी आ.व. २०८२।८३ को वजेट प्रस्तुत गर्नु पूर्व चालु आर्थिक वर्ष २०८१।८२ मा भएका मुख्य मुख्य उपलब्धिहरुको वारेमा संक्षिप्त प्रकाश पार्ने अनुमति चाहन्छु ।

सभाका सभाध्यक्ष एवं सदस्यज्यूहरु

चालु आर्थिक वर्ष २०८१।८२ को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण:

अब म आर्थिक वर्ष २०८१।०८२ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

क. आर्थिक वर्ष २०८१।८२ मा रु ३० लाख राजस्व संकलन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको हालसम्म करिव रु २५ लाख ३६ हजार आठ सय पच्चिस राजस्व संकलन भएको छ । त्यसैगरी आर्थिक वर्षको हालसम्ममा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु १० करोड ४९ लाख अनुमान गरिएकोमा रु ९ करोड ४५ लाख रुपैया प्राप्त भएको मध्ये ८ करोड २० लाख २० हजार  रुपैया खर्च भएको छ, भने संघीय राजस्व बाँडफाँटबाट रु १० करोड ६५ लाख १ रुपैया आय प्राप्त हुनु पर्नेमा आ.ब.को हालसम्ममा ८ करोड १० लाख रुपैया मात्र प्राप्त भै ७ करोड ४५ लाख ४६ हजार रुपैया खर्च भैसकेको छ ।

ख.चालु आर्थिक वर्ष २०८१।८२ को लागि संघीय सशर्त अनुदान तर्फ रु २१ करोड ५९ लाख ६० हजार आय भएकोमा रु. १७ करोड ८५ लाख ८३ हजार रुपैया यस अवधिमा खर्च भएको छ ।

ग.त्यसैगरी  आर्थिक वर्ष २०८१।८२ को  हालसम्ममा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु १ करोड ५ लाख ६२ हजार आय अनुमान गरिएकोमा हालसम्ममा रु. १ करोड ५ लाख ६२ हजार आम्दानी भै सम्पूर्ण बजेट खर्च भएको छ भने प्रदेश राजस्व बाँडफाँटबाट रु ४ करोड ३६ लाख ३६ हजार रुपैया अनुमान गरिएकोमा २ करोड ५५ लाख  रुपैया आय प्राप्त भई २ करोड २७ लाख ७६ हजार रुपैया खर्च भएको छ ।

घ.संघीय समपुरक अनुदान शीर्षकमा रु १ करोड ५० लाख अनुमान गरिएकोमा हालसम्म ७८ लाख ७८ हजार प्राप्त भएको तथा सो बजेट सम्पूर्ण रुपमा खर्च भएको छ । त्यसै गरी प्रदेश समपुरक अनुदान शीर्षकमा रु २ करोड आय अनुमान गरिएकोमा ६७ लाख ८२ हजार प्राप्त भै रु. ५७ लाख २१ हजार रुपैया खर्च भएको छ ।

ङ.आर्थिक वर्ष २०८१।८२ मा प्रदेश सरकार शसर्त अनुदान तर्फ रु ३ करोड १४ लाख ८ हजार अनुमान गरिएकोमा रु ३ करोड ३७ लाख ४३ हजार आय भई हाल सम्ममा १ करोड ८७ लाख ७४ हजार  खर्च भईसकेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

च. चालु आर्थिक वर्षमा संघीय विशेष अनुदान तर्फ २ करोड अनुमान भएकोमा हालसम्ममा रु. ४५ लाख ९४ हजार प्राप्त भै रु. ४५ लाख ८९ हजार रुपैया खर्च भएको छ ।

अव म  आर्थिक बर्ष २०८१।८२ मा  क्षेत्रगत बजेट तथा यथार्थ खर्च विवरण पेश गर्न अनुमति चाहन्छु ।

**क.आर्थिक विकास क्षेत्र**

आर्थिक विकास अन्तर्गत कृषि, पर्यटन, सहकारी, जलश्रोत, पशुपन्छी विकास र भूमि व्यवस्थाका क्षेत्रमा आर्थिक बर्ष २०८१।८२ मा रु. २९ करोड ६८ लाख ६० हजार विनियोजन गरिएकोमा हालसम्म रु. १८ करोड ९६ लाख ९७ हजार रुपैया खर्च भएको छ । यो कूल आय अनुमानको ६३.९ प्रतिशत हुन आउँछ ।

**पुर्वाधार विकास क्षेत्र :**

ख. पुर्वाधार विकास क्षेत्र अर्न्तगतका उपक्षेत्रहरु सडक पूर्वाधार, भवन/आवास तथा सहरी विकास, उर्जा, बिज्ञान तथा प्रविधिमा चालु आर्थिक बर्षका लागि रु १ करोड ८६ लाख १५ हजार रुपैया अनुमान गरिएकोमा यस अवधिसम्ममा १ करोड १५ लाखरुपैया खर्च भएको छ । यो आय अनुमानको ६१.७८ प्रतिशत हो ।

**सामाजिक विकास क्षेत्र**

ग.सामाजिक विकास क्षेत्र अन्तर्गतका बिषयहरु जस्तै सामाजिक सुरक्षा तथा संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, भाषा तथा संस्कृति, युवा तथा खेलकुदमा यस आर्थिक बर्षका लागि रु २ करोड ६९ लाख ६९ हजार रुपैया अनुमान भएकोमा यस आ.ब.को हालसम्ममा रु. २ करोड १४ लाख ९८ हजार रुपैया मात्र खर्च भएको छ । यस क्षेत्रमा कुल आय अनुमानको ७९.०७ प्रतिशत रहेको छ ।

**सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रः**

घ.आर्थिक बर्ष २०८१।८२ मा सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा रु १९ करोड १७ लाख ३६ हजार अनुमानित गरिएकोमा चालु आ.व. २०८१।८२ को हालसम्ममा रु १३ करोड ८१ लाख ६९ हजार रुपैया खर्च भएको छ । यो कुल अनुमानको ७२.०६ प्रतिशत हुन आउँछ ।

ङ. आर्थिक बर्ष २०८१।८२ मा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु १ करोड २७ लाख ५३ हजार अनुमानित गरिएकोमा आ.व. २०८१।८२ को हालसम्ममा रु ७८ लाख ३६ हजार खर्च भएको छ । यो कूल आय अनुमानको ६१.४५ प्रतिशत हुन आउँछ ।

सभाध्यक्ष एवं सदस्यज्यूहरु

अव म आर्थिक बर्ष २०८२।८३ का लागि बजेट तथा बजेटका स्रोतहरुको अनुमान पेश गर्न अनुमती चाहन्छु

क. आर्थिक बर्ष २०८२।०८३ को अनुमानित कूल वजेट रु ६४ करोड, २२ लाख ६९ हजार ५ सय नौ रहेको छ । जसमा संघीय सरकार वित्तिय समानीकरण अनुदान रु १२ करोड १२ लाख, संघीय सरकार शर्सत अनुदान रु २२ करोड ९० लाख रहेको छ भने संघीय समपुरक अनुदान तर्फ ३ करोड १८ लाख र संघीय विशेष अनुदान रु ७५ लाख, संघीय सरकार राजस्व बाँडफाँट रु ११ करोड ३९ लाख ५७ हजार २ सय उनन्पचास गरी जम्मा ३८ करोड २२ लाख ५७ हजार २ सय उनन्पचास अनुमान प्रस्ताब गरेको छु ।

ख.प्रदेश सरकार वित्तिय समानीकरण अनुदान रु १ करोड १४ लाख ६४ हजार, प्रदेश सरकार शसर्त अनुदान रु २ करोड ४० लाख ४७ हजार, र प्रदेश सरकार समपुरक अनुदान रु ३ करोड ९२ लाख, प्रदेश सरकार राजश्व बाँडफाड रु ४ करोड ४६ लाख १ हजार २ सय ६० गरी जम्मा रु ११ करोड ९३ लाख १२ हजार २ सय ६० प्राप्त हुने अनुमान गरेको छु ।

ग. गौरीशंकर गाउँपालिकाको आन्तरिक राजस्व तर्फ रु ३३ लाख अनुमान गरेको छु । मौज्दात तर्फको १ करोड बाकी मौज्दात रहेकोमा यस सम्बन्धी विस्तृत विवरण भएको आर्थिक विधेयक यसै साथ संलग्न गरेको छु । माथि उल्लेखित आय अनुमान बाहेक रोजगार कार्यकममा प्राप्त हुने वजेट लघु उद्यम विकास कार्यकम, सामाजिक सुरक्षा भत्ता, सडक बोर्डबाट प्राप्तहुने वजेट तथा कार्यक्रम र अन्य निकायबाट थप प्राप्त हुने कार्यक्रमलाई बार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष एवं सदस्यज्यूहरु**

**अव म आर्थिक बर्ष २०८२/८३ का लागि बजेट तथा कार्यक्रमहरुको अनुमान पेश गर्न अनुमती चाहन्छु ।**

१. गत आर्थिक वर्ष भोर्ले देखि गाउँपालिका कार्यालय जोड्ने सडक कालोपत्रे गर्न शुरुवात गरिएकोमा उक्त सडकलाई यस अर्थिक बर्षमा केहि स्तरोन्नतीको काम भएतापनी आगामी आर्थिक बर्षमा यस सडकलाई संघ, प्रदेश तथा स्थानिय तहको सहकार्यमा कालोपत्रेको कामलाई निरन्तता दिनको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

२. पिखुति महतरा नाकुसे गर्दिङ सडक यस आ.व मा  नाला सहित स्तरोन्नति भएकोमा आगामि आ.व मा र संघ, प्रदेश र स्थानिय सरकारको साझेदारी बजेटमा यस गाउँपालिकाको पिखुति-भ्याँकु, सिंगटी-झाङग्राली जगतफेदी- टासिनाम मोटरेबल पुलको निर्माण कार्य थालनी गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । यसका साथै भोर्ले-गुरुम्फि-मार्बु सडक स्तरोन्नति र पर्यटकिय मार्गको रुपमा जगतफेदि टासिनाम पिखुति-रेशमडाँडा-हनुमन्ते सडकलाइ स्तरोन्नति गर्नको लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।

३. **एक वडा एक मुख्य सडक** को रुपमा गैरी-दहबारी सडक, लुकुवा-राजपु-चेत्पु-हुप्पा सडक,  पिखुती-निलकण्ठेश्वर सडक , पिखुती-मानेडाँडा सडक, भोर्ले-मार्बु सडक, जामुने-कसेरी-छेसाखारे सडक, जगतफेदी- टासीनाम-सिमीगाउँ सडक, गुरुम्फी-चंखु सडक, मार्बु-चंखु हुँदै गाउँपालिका सम्म जोड्ने सडकलाई थप स्तरोन्नतीका  लागी आवश्यक बजेट विनियोजन गरेको छु। **"पर्यटनको लागि पूर्वाधार"** भन्ने मूल नारा सहित पर्यटन पूर्वाधारको रुपमा भोर्ले-पालिका सुरीडाँडा हुँदै चेर्दुङ जोड्ने सडक,  मानेडाँडा सेराकाप्ती हुँदै जिरी जोड्ने सडक, जयन्तिपुर-हुलाक-कोयाङ भन्ज्याङ हुँदै श्यामा जोड्ने सडक, खारे-सोथली पर्यटन सडक लगायत पूर्वाधार निर्माण गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

४. खानेपानी सहज आपूर्तिको लागि एक घर एक धारा कार्यक्रमलाई पूर्णता दिने उदेश्यका साथ खानेपानी र सिंचाई पूर्वाधारको विकास गर्न खानेपानी र सिंचाई सम्भाव्यता अध्ययन गर्नको लागी आवश्यक व्यवस्था मिलाएको छु ।

५. योजना सम्झौता र कार्यान्वयनलाई सहज बनाउन योजना घुम्ती शिविरलाई निरन्तरता दिनुका साथै योजना अनुगमन र मूल्यांकन प्रणालीलाई थप गुणस्तरीय र व्यवस्थित बनाउदै गाउँपालिकाको विकास व्यवस्थापनलाई थप मजबुत, सरलिकृत तथा प्रविधिमैत्री बनाउन योजना व्यवस्थापन सम्बन्धी सफ्टवेर, ल्याव टेस्ट, तथा सर्वे मेसिन जस्ता अन्य आवश्यक प्राविधिक सामाग्रीहरुको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

६. निर्माण कार्य सम्पन्न भएका झोलुङ्गे पुलको मर्मतका लागी आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

७. पालिका भित्र संचालित योजनाहरुको गुणस्तर तथा कार्य सम्पादनको मुल्याङ्कन गरी उत्कृष्ट हुनेलाई सम्मान कार्यक्रम संचालन गर्नको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८. छिमेकी पालिका हरु संगको सहकार्यमा विभिन्न आयोजनाहरु संचालन गर्नको लागी आवश्यक व्यवस्था मिलाएको छु ।

९. पशुपंक्षीपालन व्यवसायलाई व्यवसायिक रुपमा संचालन गर्न अनुदान तथा प्रोत्साहनको कार्यक्रमलाई निरन्तरता दिनको लागी आवश्यक व्यवस्था मिलाएको छु ।

१० . गाउँपालिका भित्रका व्यवसायीक कृषकहरुलाई क्षमता अभिबृद्धि तालिम तथा उत्कृष्ट कृषकलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिदै गाउँपालिकावाट निःशुल्क वितरण गरिने पशुपंक्षी सम्बन्धि अत्यावश्यक खोप तथा औषधीजन्य सेवालाई वर्षभरी नै सहज रुपमा उपलब्ध हुने गरी व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडामा पशुस्वास्थ्य शिविर संचालन कार्यक्रमलाई निरन्तरताको लागी आवश्यक व्यवस्था मिलाएको छु ।

११. **"गौरीशंकरको पहिचान, स्थानीय बाली प्रवर्द्धन हामो अभियान"** भन्ने मूल नारा सहित गाउँपालिकाभित्र उच्च सम्भावना भएका कृषि उत्पादनहरु आलु, किबी, मह र कोदो लगायत रैथाने उत्पादनको प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरी बजारीकरण गर्नका लागी आवश्यक व्यवस्था मिलाएको छु ।

१२ . पर्यावरण तथा माटो अनुकुलन हुने किसिमका र उत्पादन एबं बजार व्यवस्थापनको आधारमा बाली बस्तु छनोट गरी प्रत्येक वडामा कम्तीमा १ र बढीमा ३ वटा पकेटहरुको विकास गर्दै स्थानीय माटोको गुणस्तर थाहा पाउन घुम्ती माटो परीक्षण शिविर संचालन का लागी आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१३. युवा, महिला, दलित र सिमान्तकृत बर्गका कृषकहरुलाई आकर्षण गर्न कृषिजन्य बस्तु उत्पादन लागत कम गर्ने, यान्त्रिकरण, साना सिंचाई, प्लाष्टिक पोखरी निर्माण, ढुवानी, प्याकेजिङ, ग्रेडिङ आदिमा अनुदान दिनको लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।

१४ . अर्गानिक बाली बस्तुको उत्पादन बृद्धी गर्न रसायनिक घातक विषादीको प्रयोगमा कमी ल्याउन जनचेतना अभिबृद्धीका कार्यक्रम संचालन गर्दै जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सामुहिक खेती प्रणाली संचालनको लागी आवस्यक व्यवस्था मिलाएको छु ।

१५. गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेका क्षेत्रको नक्साङ्कन गरी पर्यटन प्रचारप्रसार र सूचना प्रणालीलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइएको छु ।

१६. च्छोरोल्पा हिमताल, दुधकुण्ड, दुधपोखरी, पाँचपोखरी, जटापोखरी, चेर्दुङ, सोथली, हनुमन्ते लगायतको पर्यटकीय गन्तब्यमा जाने पैदल मार्गको स्तरउन्नतीको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

१७. पर्यटन पदयात्राको लागि पदमार्गहरुको सम्भाव्यता अध्ययनको कार्य सुरुवात गर्दै अपुरा पदमार्गहरुको स्तरोन्नतीको लागि संघीय र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ । खारे- सोथली- च्छोराल्पा, तथा हनुमन्ते-च्योर्दोङ-च्छोरोल्पा लगायतका पदमार्गहरुको नक्साङ्कन तथा प्रचार प्रसार गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

१८. पर्यटनलाई स्वरोजगारसँग आबद्ध गर्न पर्यटन पूर्वाधार विकाससंगै पर्यटन सम्बन्धी विभिन्न तालिम संचालनको लागी आवश्यक व्यवस्था मिलाएको छु ।

१९. आदिबासी, जनजाती लगायतका वर्गको भाषा, सँस्कृति, रितीरिवाज, परम्परा, लिपी आदिको संरक्षण एबम् प्रबर्द्धन गर्नका लागि पर्यापर्यटन कार्यक्रमसँग संगै गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धन का लागी आवश्यक व्यवस्था मिलाएको छु ।

२०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप योगदान पुग्ने गरी संचालन गरिएको गौरीशंकर रोजगार कार्यक्रम लाई निरन्तरता दिदै रोजगार रणनीतिलाई थप मजबुत बनाउनका लागी आवश्यक बजेट ब्यबस्था गरेको छु ।

२१. कृषी, पशुपछी र जडिबुटि जन्य उत्पादनमा व्यवसायीहरुको ध्यान केन्द्रित गरि बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उद्यमी बनाउदै रोजगारी अवसर सृजना आवश्यक व्यवस्था मिलाएको छु ।

२२. आगामी आर्थिक बर्षमा गाँउपालिकामा रोजगारीको अवस्थाको विस्तृत विवरणको अध्ययन गर्ने र तथ्याङ्क सङ्कलन गरी रोजगार वृत्तचित्र निर्माणको लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।

२३. नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले शुरु गरेको आन्तरिक रोजगारी प्रवर्द्धनका लागी बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उध्यमशिलता प्रवर्द्धन कार्यक्रम शुरु गर्नको लागी **"एक वडा एक उत्पादन"** कार्यक्रम शुरु गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

२४. सहकारी संस्थाहरुको संस्थागत क्षमता सबलीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

२५. विषयगत शिक्षक तालिम, विद्यार्थी लक्षित कार्यक्रम तथा अभिभावक शिक्षालाई प्राथमिकताका साथ सञ्चालन गरि विद्यार्थी सिकाई उपलव्धी र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागी आवश्यक व्यवस्था मिलाएको छु ।

२६. विभिन्न तहको सिकाई उपलव्धी मापन परीक्षा, बि.ई.ई. परीक्षा तथा एस.इ.ई.परीक्षामा सर्वोत्कृट नतिजा ल्याउने शिक्षक, विद्यार्थी र विद्यालयलाई पुरस्कार एवम् सम्मान कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. स्वस्थ जिवन तथा विद्यार्थीको चौतर्फी विकासका लागि पालिका स्तरीय खेलकुद कार्यक्रमलाई निरन्तरता दिईनेछ भने अध्यक्ष कप खेलकुद समेत सञ्चालन गर्नुको साथै पालिका स्तरीय खेलकूद समिति, यूवा क्लब तथा बालक्लबहरुको लागि खेलकूद आयोजना तथा नेतृत्व विकास सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्नको लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।

२८. शैक्षिक गुणस्तर अभिवृद्धि र शैक्षिक पहँच सुनिश्चितताका लागि शिक्षा, युवा तथा खेलकुद शाखा र प्र.अ.विच भएको कार्यसम्पादन करार सम्झौलाई थप प्रभावकारी बनाउदै विद्यालय शिक्षाको जग मानिएको प्रारम्भिक वालविकास केन्द्रलाई व्यवस्थित र नतिजामुखि वनाउदै लैजानको लागी पाठ्क्रममा आधारित भएर सहयोगी कार्यकर्ताको क्षमता विकास तालिम का लागी आवश्यक ब्यवस्था मिलाएको छु ।

२९. अध्यक्ष सँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ भने युवाहरुका लागि युवा लक्षित सिपमुलक तालिमको व्यवस्था मिलाएको छु । **''गाउँगाउँमा अभिभावक शिक्षा, घर-घरमा समिक्षा''** भन्ने मुला नाराको साथ अभिभावकलाई शिक्षामा जोड्नको लागि प्रभावकारी अभिभाबक शिक्षा संचालन गर्न आवस्यक ब्यवस्था मिलाएको छु ।

३०. बहु कक्षा बहुस्तर विधिबाट शिक्षण भएका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि भएकोले पालिकाभित्र संचालित अन्य विद्यालयहरुमा बहु कक्षा बहुस्तर MGML शैक्षिक प्रणालीलाई निरन्तरता दिइदै अन्य बिद्यालयमा समेत विस्तार गर्न आवश्यक ब्यवस्था मिलाएको छु ।

३१. यातायातको पहुँच नपुगेका तथा भौगोलिक रुपमा विकट विद्यालयहरुमा नेपाल सरकारले उपलब्ध गराउँदै आएको दिवा खाजामा पालिकाद्वारा थप गरीएको अनुदान कार्यक्रमलाई निरन्तरता दिनको लागी आवश्यक ब्यवस्था मिलाएको छु ।

३२. मुटुरोग, क्यान्सर, मृगौला डायलाइसिस लगायत गम्भीर प्रकतिका रोगीलाई उपचारको लागि आर्थिक सहायताको कार्यक्रमलाई निरन्तरता दिंदै सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिनको लागी आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

३३. स्वास्थ्य संस्थामा पाईने निःशुल्क तथा अत्यावश्यक औषधीलाई वर्षभरी नै सहज रुपमा उपलब्ध हुने गरी व्यवस्थापन गर्न र विभिन्न संघ संस्था संगको साभोदारीमा विभिन्न स्वास्थ्य शिविर संचालन गर्नको लागी आवश्यक व्यवस्था मिलाएको छु ।

३४. गर्भवती तथा सुत्केरी आमाको पोषण अवस्थालाई मध्यनजर गदै पोषण कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाएको छु । सुनौलो १००० दिनका महिलाहरुलाई लक्षित गरि व्यक्तिगत रुपमा व्यवहार परिवर्तनका लागि सचेतना मुलक कार्यक्रम संचालन का लागी आवश्यक व्यवस्था मिलाएको छु ।

३५. फ्रि होम डेलिभरि र किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषण गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

३६. बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसात गर्दै बालमैत्री गाउँपालिका घोषणा गर्न प्रक्रिया सुरुवात गर्दै लैंगिक हिंसा न्यूनीकरणको लागि लैंगिक हिंसा निवारण कोषलाई क्रियाशील गराइ हिंसा पीडितको उद्दार, पुर्नस्थापना तथा उचित राहतको व्यवस्था मिलाउदै महिलाहरुको सिप तथा क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाएको छु

३७. गौरीशंकर गाउँपालिका क्षेत्र भित्र रहेका अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका, एकल महिला र पिछडिएको वर्गको सशक्तिकरणको लागि कार्यक्रम संचालन र अपाङ्ग परिचयपत्र संसोधन तथा नविकरण शिविर प्रत्येक वडामा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

३८. बाल अधिकार, महिला अधिकार लगायत लक्षित वर्गको अधिकारको सम्बन्धमा कर्मचारी, जनप्रतिनिधी तथा सरोकारवाला र विभिन्न संघ संस्था बीच अन्तरक्रिया र सशक्तिकरण कार्यक्रम संचालन को लागी आवश्यक व्यवस्था मिलाएको छु ।

३९. बजेटमा सबै क्षेत्रमा लैंगिक पहुँच, समानता र समता सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाएको छु । महिलाहरुको लागि मागमा आधरित उद्यमशीलता तालिमलाई आवश्यक व्यवस्था मिलाएको छु ।

४०. गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुलाई लैगिंक उत्तरदायी बनाउनुको साथै लैगिंक उत्तरदायी बजेट परीक्षणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

४१. बालविवाह, छुवाछुत, जातीय भेदभाव लगायत अन्य सामाजिक बेतिथिको अन्त्य गर्न विद्यालय लगायत सामाजिक संघ संस्थाहरुलाई सक्रिय बनाई सचेतनामूलक कार्यक्रहरु संचालन गर्नको लागी आवश्यक व्यवस्था मिलाएको छु ।

४२. विपद व्यवस्थापनको पूर्वतयारी, राहत, उद्दार तथा पुर्नस्थापना गर्दै विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनका लागी आवश्यक व्यवस्था मिलाएको छु ।

४३. विपद व्यवस्थापनको लागि संघीय सरकार, बागमती प्रदेश सरकार, तथा विभिन्न गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी विपद जोखिम न्यूनीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

४४. गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई सरल, सहज पारदर्शी, जवाफदेहि र मितव्ययी बनाउन आवश्यक व्यवस्था मिलाएको छ। रिक्त रहेको पदमा कर्मचारी पदपूर्तिको लागि आवश्यक प्रकृया बढाएको छ।

४५. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम संचालन गर्नका लागी साथै कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहनको लागी आवश्यक बजेट व्यवस्था गरेको छ।

४६. कर्मचारी मनोबललाई उच्च राखी कार्य सम्पादनमा एकरुपता ल्याउनको लागी करार तथा अस्थाई कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागी आवश्यक बजेट व्यवस्था मिलाएको छ।

४७. व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन ३५ दिनभित्र जन्म र मृत्यु दर्ता गराउनेलाई नगद प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिनको लागी आवश्यक व्यवस्था मिलाएको छ।

४८. गाउँपालिका भित्र नियमित बजार अनुगमन गरी कालोबजारी नियन्त्रण तथा अखाद्य र म्याद नाघेको वस्तुको नियमन गर्न आवश्यक व्यवस्था मिलाएको छ।

४९. गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरी सबै घरधुरी र पालिका बासीको व्यक्तिगत विवरण अद्यावधिक गर्नको लागी आवश्यक व्यवस्था मिलाएको छ।

५०. न्यायिक समितिबाट हुने न्यायिक निरुपणलाई सर्वसुलभ र छिटो छरितो रुपमा सम्पादन गरी थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाएको छ। कानुनी शासन प्रर्वद्धन र सम्वर्द्धनको लागि समुदाय स्तरीय कानुनी साक्षरता कार्यक्रम संचालन का लागी आवश्यक व्यवस्था मिलाएको छ।

५१. न्यायिक समिति र वडा स्तरीय मेलमिलाप कर्ताहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छ । मेलमिलाप केन्द्रको संस्थागत सुदृढीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छ।

५२. सहिद परिवार भेटघाट तथा सम्मान कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

५३. गाउँपालिकाका पर्यटकिय सम्भावना बोकेका तथा प्रचलित गन्तव्यहरुलाई थप विस्तार गर्न सकिने सम्भावित नयाँ पदमार्गहरु वडा नं ९ च्छोरोल्पा ताल पदमार्गको ना गाउँ बाट यलुङ बेस क्याम्प हुदै पामलाखा खर्क च्छोकुम खर्क हुदै कोप्लाङ सिक्पाश्वर हुदै मार्बु सम्मको रुट अध्ययन, प्रचार प्रसार तथा आवश्यक पूर्वाधार निर्माणका लागी सुरुवात गर्ने व्यवस्था मिलाएको छ।

सम्मानित सभाध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु अब भने म आ.ब. २०८२।८३ को अनुमानित व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स | व्यय विवरण | रकम | कैफियत |
|---|---|---|---|
| **1** | समपुरक पालिका योगदान | **71000000** | सात करोड १० लाख |
| **2** | वडागत योजना विनियोजन | **46000000** | चार करोड ४६ लाख |
| **3** | शिक्षा युवा तथा खेलकुद | **29000000** | दुई करोड ९० लाख |
| **4** | स्वास्थ्य | **9000000** | नब्बे लाख |
| **5** | विपद व्यवस्थापन कोष | **5000000** | पचास लाख |
| **6** | कृषि तथा पशुपक्षी विकास | **9000000** | नब्बे लाख |
| **7** | पर्यटन संस्कृति र प्रचार | **1000000** | दश लाख |
| **8** | महिला बालबालिका तथा ज्येष्ठ नागरिक | **3000000** | तिस लाख |
| **9** | न्यायिक समिति | **1000000** | दश लाख |
| **10** | विभिन्न संस्था सँग साझेदारीमा कार्यक्रम सञ्चालन | **5000000** | पचास लाख |
| **11** | सूचना तथा सुशासन | **1000000** | दश लाख |
| **12** | एक्साभेटर तथा एम्बुलेन्स सञ्चालन | **2000000** | बिस लाख |
| **13** | आर्थिक सहायता | **3000000** | तिस लाख |
| **14** | सडक हेरालु पारिश्रमिक | **1200000** | बाह्र लाख |
| **15** | व्यक्तिगत घटना दर्ता प्रोत्साहन | **1000000** | दश लाख |
| **16** | छात्रवृत्ति | **2000000** | बिस लाख |
| **17** | शहिद परिवार सम्मान | **500000** | पाँच लाख |
| **18** | चालु प्रशासनिक खर्च | **99500000** | नौ करोड ९५ लाख |
| **19** | गाउँपालिका स्तरीय योजना | **15022509** | एक करोड ५० लाख २२ हजार ५ सय नौ |
| **20** | संघिय शशर्त अनुदान | **229000000** | बाईस करोड ९० लाख |
| **21** | संघिय समपुरक अनुदान | **31800000** | तिन करोड १८ लाख |
| **22** | संघिय विशेष अनुदान | **7500000** | पचहत्तर लाख |

| | | | |
|---|---|---|---|
| **23** | **प्रदेश सशर्त अनुदान** | **24047000** | **दुई करोड ४० लाख ४७ हजार** |
| **24** | **प्रदेश समपुरक अनुदान** | **39200000** | **तिन करोड ९२ लाख** |
| **25** | **प्रदेश विशेष अनुदान** | **6500000** | **६५ लाख** |
| | **कुल बजेट रकम** | **642269509** | **६४ करोड २२ लाख ६९ हजार पाच सय नौ रुपैया मात्र** |

**सभाध्यक्षज्यू एबं सभाका सदस्यज्यूहरु,**

**अन्तमाः**

आगामी आर्थिक बर्ष २०८२/८३ को लागि आय व्यय अनुमान प्रस्तुत गरिरहँदा हामीले केन्द्र तथा प्रदेश सरकारद्वारा प्राप्त मार्गदर्शन तथा ऐन नियमहरुको पूर्णरुपमा पालना गर्दै सिमित श्रोत साधनका वावजुद आ.ब. २०८२/८३ का लागि लिईएका नीति तथा कार्यक्रमहरुसंग तादम्यता मिलाउने प्रयास गरेका छौ । तथापी सवैले आफ्नोपनको अनुभूति गर्न सक्ने स्थानीय सरकार प्रति जनतामा रहेका असिमित चाहाना र आकाँक्षाका कारण हामीले वजेट मार्फत सवै आवश्यकताहरुलाई सम्बोधन गर्न नसकिरहेको अवस्था हुन सक्छ । यद्यपी यसलाई हाम्रो वाध्यताको रुपमा लिईदिनु हुनेछ भन्ने विश्वास लिएको छु । प्रस्तावित बजेट कार्यान्वयनमा जन प्रतिनिधि, कर्मचारी संयन्त्र, एवं गौरीशंकर गाउँपालिकावासी दाजु भाई दिदी वहिनी लगायत सरोकारवाला सवै पक्षहरुको आत्मिय साथ र सहयोगको पूर्ण अपेक्षा राख्दछु । साथै आगामी आ.ब.को वजेट कार्यान्वयनले हामीले उद्घोष गरेको हाम्रो गाँउपालिकाको नारा **"समृद्ध गाउँपालिकाको लागी वातावरणीय सन्तुलन सहितको अभियान"** लाई साकार पार्नमा थप कोशे ढुङ्गा सावित हुनेछ भन्दै वजेट तथा योजना तर्जुमा प्रकियामा संलग्न सभाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, सबै विषयगत समितिका पदाधिकारीज्यूहरु वडा कार्य समिति, कर्मचारी संयन्त्र लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै गौरीशंकर गाउँपालिकावासी सम्पूर्ण दाजु भाई दिदी वहिनीहरु सवैमा पूनः हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद

**उमा लुङगेली मगर शेर्पा**
**उपाध्यक्ष**
**गौरीशंकर गाउँपालिका, सुरी दोलखा**